दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक १०८ | बुटवल | २०८३ बैशाख ०५ गते, शनिबार | नेपाल संवत ११४६ | Saturday April 18, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

**राम्रो घडेरी बिक्रीमा**

तिलोत्तमा–१ शंकरनगर प्यारामाउण्ट स्कुलको पूर्वपट्टी उत्तरतर्फ २० फिट र पूर्वतर्फ २२ फिटको बाटोमा मोहडा पर्ने एक कठ्ठा जग्गा खरिद गर्न चाहनेले तुरून्तै सम्पर्क गर्नुहोला।

**सम्पर्क नम्बर: ९८०१८२७९५०**

## ओली र लेखकमाथि अनुसन्धान जारी : प्रहरी

बुटवल । पूर्वप्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र पूर्वगृहमन्त्री तथा कांग्रेस नेता रमेश लेखक हिरासत मुक्त भए पनि अनुसन्धान भने जारी रहेको प्रहरीले बताएको छ।

१३ दिनको हिरासत बसाइपछि रिहा भएका ओली-लेखकको अनुसन्धान अहिले पनि जारी रहेको जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी तथा प्रवक्ता पवनकुमार भट्टराईले बताए।

'हिरासत मुक्त भएपछि अनुसन्धान के हुने भन्ने आम चासो देखियो। उहाँहरूको अनुसन्धान भने जारी छ।'- एसपी भट्टराईले भने। उनका अनुसार तामेलीको फाइल जगाएर प्रहरीले अहिले काम गरिरहेको छ। भदौ २३ को जेनजी आन्दोलनको हत्याबारे ९ वटा निवेदन परिसर काठमाडौंमा परेका थिए।

ती निवेदन सरकारी वकिल कार्यालयको निर्णयअनुसार २७ असोजमा तामेलीमा राखिएको थियो। तामेलीमा राखिएको ९ वटा निवेदनमध्ये अहिले एउटा निवेदन अर्थात् तामेली जगाएर अनुसन्धान अघि बढाइएको उनले बताए।

'एउटा निवेदनको तामेली जगाइ अनुसन्धान गरेका छौं। तथ्य प्रमाणहरू जुटाउने काम भइरहेको छ।'- एसपी भट्टराईले भने।

अहिले लासजाँच मुचुल्का तथा शव परीक्षणलगायतका सम्बन्धित कागजात अध्ययन गर्ने सीसीटीभी फुटेज संकलन एंव विश्लेषण गर्ने र प्रत्यक्षदर्शी एंव घटना देख्ने थाहा पाउने व्यक्तिको कागज समेतका आधारमा अनुसन्धान भइरहेको प्रहरीले बताएको छ।

घटनाको छानबिन गर्न भन्दै पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको नेतृत्वमा आयोग गठन गरिएको थियो। आयोगले बुझाएको प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय १३ चैतमा सरकारले गरेको थियो।

लगत्तै १४ चैतको बिहानै भक्तपुरस्थित आफ्नै निवासबाट ओली, लेखक पक्राउ परेका थिए। २३ चैतको सर्वोच्च अदालतको आदेशअनुसार ओली, लेखक २६ चैतमा हाजिरी जमानीमा छुटेका थिए।

उनीहरुलाई छाडिएको प्रति गृहमन्त्री सुधन गुरुङ समेत अदालतप्रति असुन्तष्टी देखिएका छन्। सुरक्षा तथा गृह प्रशासनबारे रिर्पोटिङ गर्ने पत्रकारसँग कुराकानी गर्दै मन्त्री गुरुङले भने-'रातभर दुःख गरेर समात्यो अहिले अदालतले छाड्यो। न्याय दिन मन्त्री होइन न्यायाधीश बन्नुपर्ने रहेछ।'

गत २३ र २४ भदौमा जेनजी आन्दोलन हुँदा ओली प्रधानमन्त्री र लेखक गृहमन्त्री थिए। २३ भदौमा मात्रै सुरक्षाकर्मीको गोली लागेर काठमाडौंमा १९ जना र बाहिरी जिल्लामा २ जना गरी २१ जनाको ज्यान गएको थियो।

» *बाँकी २ पेजमा*

भारतीय 'ओभरलोड'को मार :

# ट्रक व्यवसायी सडकमा, सरकार मूकदर्शक

**भन्सार विन्दुमै ओभरलोडको भार मिलान गर्न व्यवसायीले माग गरेका छन्।**

**मोहम्मद हबिब**

*भैरहवा*

नेपालको सडक क्षमता र कानुनलाई लत्याउँदै भारतीय मालवाहक गाडीहरूले ओभरलोड ढुवानी गर्दा नेपाली यातायात क्षेत्र गम्भीर संकटमा परेका छन्। सस्तो ईन्धन, सस्तो गाडी र राज्यलाई कम कर तिर्ने भारतीय मालबाहक ट्रकले तोकेको क्षमताभन्दा कयौँ बढी भार बोकेर निर्वाध रूपमा नेपाल भित्रिन थालेपछि यहाँका व्यवसायीहरू विस्थापित हुने अवस्था बनेको हो।

वर्षौंदेखि सरकारी निकायलाई गुहार्दा पनि समस्या समाधान नभएपछि अन्ततः लुम्बिनी क्षेत्रका यातायात व्यवसायीहरू आफैँ सडकमा उत्रिएर भार चेकजाँच गर्न बाध्य भएका छन्। ओभरलोडका कारण नेपाली व्यवसायीहरू विस्थापित हुने अवस्थामा पुगेको भन्दै लुम्बिनी ट्रक यातायात व्यवसायी संघ र पश्चिमाञ्चल यातायात व्यवसायी समितिले संयुक्त रूपमा चेकजाँच अभियान सुरु गरेका हुन्।

हुलाकी सडकअन्तर्गत बसन्तपुरमा लुम्बिनी ट्रक यातायात व्यवसायी संघले राखेको तौल पुल धर्मकाटामा व्यवसायीहरूले आफैँ उत्रिएर नेपाली र भारतीय मालवाहक गाडीको भार परीक्षण, भाडा दर र गन्तव्यबारे सोधीखोजी गर्दै अभिलेख राख्दै छन्। सोही क्रममा दर्जनौँ भारतीय गाडीले क्षमताभन्दा कयौँ टन बढी सामान बोकेर नेपालका विभिन्न शहरतर्फ जाँदै गरेको र कम दर, विना कागजात र चलानीमा पनि मालबाहक गाडीले ढुवानी गरेको फेला पारेका छन्। यस क्रममा देखिएको दृश्यले नेपाली यातायात व्यवसाय कुन हदसम्म धरासायी बन्दैछ भन्ने प्रस्ट चित्र उतारेको छ। अहिले व्यवसायीहरूले केवल सचेत गराउने र तथ्याङ्क संकलन गर्ने काम गरिरहेका छन्। तर, भारतीय गाडीहरूको मनोमानी नरोकिए ठुलो आन्दोलन गर्ने उनीहरूको चेतावनी छ।



लुम्बिनी ट्रक व्यवसायी संघका वरिष्ठ उपाध्यक्ष मधुसुधन आचार्यले सरकारको इच्छाशक्ति नहुँदा स्वदेशी व्यवसायी मारमा परेको गुनासो गरे। उनले भने-'सरकारले चाहेमा भन्सार विन्दुमै ओभरलोड रोक्न सकिन्छ। तर भन्सारले केवल राजस्व संकलनलाई मात्र ध्यान दिँदा देशको भौतिक पूर्वाधारको विनाश भइरहेको छ भने न्यून लागतमा भारतीय गाडीले देशभर सामान ओसार्दा हामी व्यवसायीहरू आफ्नै देशमा बेरोजगार हुनुपर्ने अवस्था आएको छ।'

उनले भारतमा इन्धनको मूल्य स्थिर रहे पनि नेपालमा ६० प्रतिशतसम्म मूल्य वृद्धि भइसकेको छ। टायर, इन्धन र पार्टपूर्जा सबै भारतमा सस्तो हुँदा नेपाली व्यवसायीले उनीहरूसँग प्रतिस्पर्धा गर्नै नसक्ने अवस्था आएको जनाए।

"हाम्रो मुख्य माग भनेको ओभरलोड नियन्त्रण गरियोस् भन्ने हो। यदि भारतीय गाडीले ओभरलोड बोक्न छाडे भने मात्र नेपाली गाडीहरूले पनि केही काम पाउने थिए,' वरिष्ठ उपाध्यक्ष आचार्यले भने-'राज्यले भाडा समायोजनमा ध्यान नदिने हो भने अब व्यवसायीले राज्यलाई गाडीको साँचो बुझाएर व्यवसायबाटै हात धुनुपर्ने स्थिति आइसकेको छ।'

» *बाँकी २ पेजमा*



दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

# पाहुर

२०८३ बैशाख ०५ गते, शनिबार

तपाईका लागि...

## बिट्विन द लाइन्स्...

'जबजब पार गर्दै जान्छु जिन्दगीका
बाटोहरू
जान्न थाल्छु यी वर्षहरू के-के बन्न
सक्छन्।
जब म सोच्छु, आशाहरू बढ्न थाल्छन्
अनमोल सम्झनाहरू मेरो छातीभरि
भरिन्छन्।'

– बब डिलन, प्रिसियस मेमोरिज्

कथा

# धूपीको रूख आउँछ– जान्छ

परशु प्रधान

निरर्थक दिन बितिरहेछ । आज पनि उसले सोंचेको कुरा हुन सक्तैन। साँझ शहरभित्र डुबिसकेको छ। ऊ आफ्नै तालमा रिक्सा हाँकेर फर्किरहेछ । हिजोको झैं आज पनि उसको फत्रनु साधारण छ । ऊ सजिलै डेरामा पुग्छ। डेरामा पुगे पछि...। मालती पर्खिरहेकी हुनसक्छे- अलिकति भात पकाएर। धूँवाको पीरो पीरो गन्धले कोठामा बस्नै गाह्रो हुन्छ। कति पीरो गन्ध उसको आँखाभरि रुमलिरहेछ।

"अझ भात पाकेको छैन ?"

"पाक्न लागेको छ। दाउरा बल्दैन मालती भन्छे।"

"तरकारी के छ नि ?"

"तपाईले केही ल्याउनु भएन ?" मालती सोधिहाल्छे।

शहरका ठूला ठूला घरहरूलाई ऊ छाड्दै गइरहेछ। 'ए रिक्सा...'का परिचित स्वरहरूलाई ऊ बिस्तारै छिचोल्दै छ । धूपीका रुखहरू आइरहेछन्। भोलि बिहान सम्मका लागि हरेक धूपीका रुखलाई छाड्दै ऊ आफ्नै गतिमा बढ्दै छ। बगरेकहाँबाट एकै मोहरको भए पनि राँगोको मासु लानुपर्छ। छोएला बनाए पनि मीठो हुन्छ। कचिला भए पनि।

यसरी राममान आज फर्किरहेछ। उसको रिक्सा सधैंको जस्तै रित्तो छ। तर होइन...रिक्सामा ओभरलोड छ। ऊ सकी नसकी हाँकिरहेछ। यसरी हरेक साँझ राममानका लागि गह्रौ हुँदै गइरहेछन्, बोझिलो हुँदै गइरहेछन् । ऊ आफूप्रति दिक्क हुन्छ । मालतीलाई ल्याएर यसो हुन गएको हो त? यो हुन सक्तैन। मालती छे र ऊ निर्धक्क रिक्सा चलाउन पाइरहेछ। मालती छे र मध्य रातमा डेरा फर्कदा पनि ऊ एक मुठी तातो भात खान पाइरहेछ। होइन भने राममानलाई उहिल्यै टी.बी. भइसक्थ्यो। उहिल्यै रगतको आहालमा डुबेर उसको पनि पूनाचाको जस्तै सजिलै मृत्यु भइसक्थ्यो। मालती छे र ऊ बाँचिरहेछ। मालती छे र उसका लागि राममान बाँचरिहेछ।

शहर अस्पष्ट भएर गाउँ आइरहेछ। सडक छोटिएर गोरेटो भइरहेछ। राममानको रिक्सामा अब केही कमी छैन। ऊ चुपचाप रिक्सा चलाइरहेछ। हिलोमा भासिने डर छ। अनि भासिए पछि पाङ्ग्रा निकाल्न गाह्रो हुन्छ। त्यसपछि चिसो शीतमा बिहानै निस्कनु।

राममान आफ्नो असफलतामा साह्रै दिक्क भइरहेछ। आखिर आज पनि ऊ समयमै पुगेको हो। घण्टाघरले ५ नहान्दै रिक्सा लिएर सधैंको झैं ऊ अफिसकै अगाडि पुग्छ। पाँच बज्न लागेको छ। ऊ गम्छा झिक्छ र रिक्सा सफा गर्छ। रिक्साको पछाडि रहेको फिल्म सिताराको तस्विरलाई राम्ररी मिलाउँछ। चेन खुस्केको छ।

त्यो मिलाउँछ । एउटा सानु ऐना झिक्छ र पुलुक्क हेर्छ- उसको अनुहारमा केही विकृति छैन । केही बदमासी छैन । ऊ हिजोको जस्तै साधारण छ । आँखा अलिकति । त्यो पनि केही होइन । राति रक्सी खाएर अबेरसम्म सुतेकाले रातोसम्म भएको हो । घण्टाघरले प्रष्टसँग पाँच बजाउँछ। अब राममान अझ चनाखो हुन्छ र अगाडि हेर्छ। हो त्यो केटी परबाट आइरहिछे। हातमा सुन ब्याग झुण्डाएर ओठमा अलिकति मुस्कान लिएर त्यो राममानको रिक्सानिरै आइपुग्छे । राममानको मुटु जोडसँग ढुकढुकाउँछ । उसको आँखा एकै पटक तिरमिराएर आउँछ । माला सिन्हाको तस्वीर खसेको जस्तो हुन्छ। तै पनि ऊ भद्रतासँग बोल्छ- रिक्सा हजुर...।

लौ, उसको स्वर नै सानु छ । त्यो केटीले सुन्दै सुनिन । पक्कै सुनिन। सधैं उसको यस्तै सानु स्वर हो- जसले ऊ दिनहुँ धोका खाइरहेछ। आफूप्रति राममानलाई रिस उठेर आउँछ। ऊ किन यति कमजोर भएकी। 'रिक्सा हजुर...' । ऊ अरु जोडले बोल्ने कोशिस गर्छ । तर अहं हुँदै हुँदैन । त्यस केटी...केटीसँग केही पनि स्वर छैन । चुपचाप निस्कन्छे चुपचाप जान्छे । राममानलाई आफ्नो रिक्साको ठूलो बेइज्जति भएको अनुभव हुन्छ । साँच्चै नै उसले आँखा खोलेर हेर्दा त्यो केटी अगाडि गइसकेकी छे। साथीहरूसँग बिदा मागे अगाडि बढिसकेकी छे। अफिस शून्य भइसकेको छ। वरपर शून्य भइसकेको छ। ऊ हेर्छ उसको अगाडि त दाह्री जुँगा फुलेको एउटा बूढो पाले मात्र झ्याल ढोकाहरू बन्द गरिरहेछ। पाले दाइ, ए पाले दाइ। ऊ निरुद्देश्य कराउँछ। पाले बूढो आफ्ना पातला आँखाहरू राम्रै खोलेर हेर्छ– किन ए रिक्सा ?

'भोलि अफिस बिदा हो ?' ऊ सोधिटोपल्छ।

'शनिबार बिदा हुन्छ भन्ने कुरा यत्रो रिक्सा चलाई सकेर तिमीलाई थाहा छैन कि कसो ?' उसको स्वर बूढो छ। तर पनि त्यहाँ एक प्रकारको शान र धाक छ । ऊ जिल्ल पर्छ । भोलि बिदाको जवाफ ऊसँग छैन । उसलाई लाग्छ– सात सालको क्रान्तिले बूढा पालेलाई खोसेनछ। यसैले त्यो बूढाका सेता दाह्री उस्तै रवाफसँग हल्लिरहेछ।

हो– त्यहीं बूढाको दाह्री जस्तै राममानको एउटा सानु योजना पनि बूढो हूँदै गइरहेछ । ऊ रिक्सामाथि चुपचाप बस्छ र खुट्टा चलाउँछ । रिक्सा एकनास गइरहेछ। साँझ कसरी रिक्त हुँदै गइरहेछ- थाहा छैन । यसरी राममान असफलताको विजयमा एकांकी छ। ऊ सम्भावना रहित सोच्तछ-त्यस केटीलाई आफ्नो रिक्सामा राख्नु । र आफ्नो मनको सानु कथा भन्नु। धेरै गाह्रो छ।

कहिले त्यो केटी साथीहरूसँग निस्कन्छे। कहिले ५ त के ७ बजेसम्म पनि अफिसबाट निस्कन्दिन। एउटा धमिलो उज्यालो हुन्छ अफिसभित्र। उसका धेरै जरुरी काम परे होलान्- राममान यस्तै सोचेर निरास फर्कन्छ।

एउटा धूपीको रुख आउँछ । जान्छ । यही धूपीको रुख जस्तै बाङ्गाटिङ्गा सडकहरूमा राममान एक्लो छ। राममान आफूलाई अग्लो हुनु सोच्न सक्तैन। त्यो खासखुसको अर्थ के त ? त्यो सल्लाहको अर्थ के त ? अर्थ त के ? राममानलाई डेरा नजिकै आइरहे जस्तो हुन्छ र उसका खुट्टाहरू छिटो चल्छन्। जाडो यसरी कष्टपूर्ण भई बढ्दै छ। हरेक जाडोले राममानलाई बूढो बनाउँदै छ । जो अर्थहीन जस्तो बूढो छ । अर्थहीन खासखुस जस्तै ।

रिक्सा राख्नु र कुरा गर्नु उसबाट कहिल्यै हुनसक्तैन। मेजर बूढासँगको प्रतिज्ञा ऊ जस्तै पुरानो छ। मेजर बूढाको खोकीको जवाफ ऊ राममानको सपनाको आकाश एकदमै खाली छ । उसका अनेकौं प्रयासहरू र कोशिसहरू उसको मन जस्तै खाली छन्। ऊ यस खालीलाई भर्न सक्तैन। अहँ भर्न सक्तैन। ऊ मेजर बूढालाई भन्न सक्तैन। स्पष्ट जवाफ दिनसक्छ मेजर साहेब। त्यो केटी मेरो रिक्सामा कहिल्यै आउँदिन। जति कोशिस गरे पनि आउँदिन । तपाईं नै भन्नोस्- म जवर्जस्ती समाएर ल्याउँ ? यसबेला उसलाई मालतीको सम्झना हुन्छ। हो ऊ सक्तैन।

यसरी हरके दिन असफलता लिनु र फर्कनु- राममानको क्रम हो । निश्चित याजना र अन्त्य । अन्त्य यस्तै नीरस हुन्छ। यस्तै अन्त्य राममानलाई प्रिय हुन्छ, यस्तै अन्त्यहरूसँगै राममानका दिनहरू छिप्पिदै गएका छन् । त ठट्टामा ऊ भनिदिन्छ- म बूढो भइसके मालती । तँ अर्कै पोई खोज ।

'असती मोरा...' मालती चिउँडो बंग्याएर हाँस्छे । यही हाँसो त राममानलाई मनपर्छ । अब त त्यो केटी उसको रिक्सामा बस्न नआउने अविश्वास नै राममानलाई मनपर्छ। राममान यसरी आफूलाई उमारिरहेछ। यसरी रिक्साको मन्द चलासँगै डेरामा पुगेर उभिरहेछ। एक बिहानै मालती नै ब्यूँझाइदिन्छे- 'राममान। उठ भन्या। घाम झल्कनै लागिसक्यो। जाडो छ। जाडो भएर के गर्नु नि ? रिक्सा नलगी हुन्न। रिक्साको ऋण पनि त राममानले तिरिसकेको होइन।

कुन दिन मजर बूढाले सातो लिने हुन् ? अब थोरै बाँकी छ। त्यही पनि माफी हुने थियो । त्यहीं काली केटीले, त्यही उत्ताउली केटीले राममानको त्यस थोरैलाई पनि बर्वाद पारिदिई । रण्डी । त्यही मेजर बूढोको सातो लिने दिनका लागि ऊ बाँचिरहेछ।

राममानको अन्त्य एउटा यस्तो साँझ छ। 'रिक्सा...। रिक्सा खाली छ।' यो त त्यही केटीको स्वर हो। त्यही अफिसकी केटीको स्वर। जुन स्वर उसले पर्खंदै आइरहेछ। जुन आवाजसँग उसको परिचय हुनै पर्ने हो । मेजर बूढाका ठूला ठूला आँखा आएर राममानसँग दयाको भिख माग्छ- आज त कुरा गरिदेउ । जसरी पनि है राममान । त्यो आँखामा वासनाको एउटा ठूलो रहर छ। त्यो रहरले बगाएर राममानलाई टाढा कतै लगिरहेछ। किनाराहिन अविश्वास लिएका दुईवटा आँखाहरूभित्र राममान पग्लिरहेछ । त्यो थोरै बाँकी पनि उसको अगाडि देखापर्छ र हराउँछ।

'किन नबोलेको ए रिक्सा ? खाली छस् भनेको ?' शायद केटीलाई हतार हतार छ । ऊ झर्केर कराउँदैछे । राममानका ओठहरूमा उठेको सन्त्रास आँखामा गएर टुङ्गिन्छ । मालतीको आँखामा । ऊ जिरिङ्ग हुन्छ। मालतीको आँखामा याचना छ। उसलाई रुन मन लागेर आउँछ। रिक्सा...।

'खाली छ। तर हजुरलाई लान सक्तिन...' यो स्वर राममानकै हो त ? होइन...भीडबाट कसैले बोलिदिएको हो ? ऊ हडबडाएर वरिपरि हेर्छ। त्यो केटी हराइसकेकी छे। खल्वल उस्तै हो। बन्दै छ। ऊ एकपटक राम्ररी सोच्न बाध्य हुन्छ– यो स्वर राममानकै हो । राममानकै हो । राममानकै हो...

(गोरखापत्रमा पौष २१, २०१५मा प्रकाशित)

दर्शन

# सांख्य दर्शनको ईश्वरसम्बन्धी धारणा

*प्रज्ञानरत्न*

ऋषि कपिलद्वारा प्रतिपादित सांख्य दर्शन नास्कितावादी दर्शन हो । कपिलको भनाई के छ भने ईश्वरलाई प्रमाणि मात्र गर्न नसकिने होयन, संसारमा यसको अस्तित्व नै छैन।

सांख्य दर्शनको तर्क के छ भने संसारमा अकारण केही पनि छैन । प्रत्येक कुराको कारण छ। यदि प्रकृतिको कारण ईश्वर मान्ने हो भने कारण कार्यको सिलसिला नै टुट्न जान्छ । प्रकृतिको कारण त ईश्वर भयो, ईश्वरको कारण चाहिं के नि ? भन्ने प्रश्न खडा हुन जान्छ। अतः प्रकृतिको कारण ईश्वर हुनै सक्दैन। प्रकृति अथवा पदार्थ आर्फ आफ्नो कारण हो र यो विश्व प्रकृतिको (अथवा पदार्थको) रुपमा अन्तर आउनुको परिणाम हो।

सांख्य दर्शनको यो प्रस्थापना अत्याधुनिक विज्ञानसित मेल खान्छ र यो भौतिकवादी प्रस्थापना हो।

सांख्य दर्शनको तर्क के छ भने यदि आस्तिकहरूले भनेजस्तै ईश्वर स्थायी र अपिवर्तनशील छन् भने त्यस्तो ईश्वर संसारको उत्पत्तिको कारण हुनै सक्दैन। किनकि, संसार त परिवर्तनशील र क्रियाशील छ। परिवर्तनशील र क्रियाशील संसारको कारण हुनका लागि ईश्वर पनि त समय क्रममा परिवर्तनशील र क्रियाशील हुनुपऱ्यो। नत्र अपरिवर्तनशील र निष्क्रिय कुरो लगातार परिवर्तनशील संसारको कसरी कारण बन्नसक्छ ? त्यसैले ईश्वर स्थायी र अपरिवर्तनशील छ पनि भन्नु र त्यो संसारको कारण हुनसक्छ । संसारको अस्तित्वको लागि, यसको सिर्जना तथा ध्वंशको लागि कुनै ईश्वरको जरुरत छैन।

सांख्य दर्शनको या तार्किक प्रस्थापना पनि भौतिकवादी देखिन्छ। र यो द्वन्द्वात्मक समेत देखिन्छ। किनभने यसले प्रकृतिलाई निरन्तर गतिमा अथवा परिवर्तनको प्रक्रियामा हेर्न खोजेको छ।

सांख्य दर्शनले ईश्वर छ भन्नेहरूको कुन तर्कको पनि खण्डन गरेको छ भने प्रकृति त जड र अचेत छ, कुनै परमज्ञानी चेनशील तत्तले बाटो नदेखाउने हो भने यस्तो जड र अचेत प्रकृति आफैं कसरी क्रमिक विकासको दिशामा जान्छ ? सांख्य दर्शनले त्यो धारणाको खण्डन गर्दै के भन्छ भने- बाटो देखाउनु भनेको एउटा क्रिया हो, क्रिया गर्नु भनेको परिवर्तनको प्रक्रिया भएर गुज्रनु हो। किनभने, प्रत्येक क्रियाले प्रत्येक वस्तु र स्थितिलाई बदल्ने कार्य गर्छ। अतः प्रकृतिको बाटो देखाउने ईश्वर हो भने त्यो ईश्वर चिरस्थायी र अपरिवर्तनशील हुनसक्दैन । जुन क्रियाले सारा वस्तु र स्थितिलाई बदल्छ त्यो क्रियाको कारण आफूचाहिं स्थिर र अपरिवर्तनशील कसरी हुन्छ ? अतः ईश्वरको अस्तित्व छैन।

सांख्य दर्शनले अर्को तर्कको आधारमा पनि ईश्वरको अस्तित्वलाई अस्वीकार गर्छ। भनिन्छ कि ईश्वर परमज्ञानी र कल्याणकारी छन् र मानव कल्याण नै ईश्वरको एक मात्र काम हो । ईश्वरले भलो सिवाय कसैको कुभलो गर्दैनन्। सांख्य दर्शन यो तर्कको विरुद्धमा के तर्क गर्छ भने संसारमा ईश्वर छन् र उनले मान्छेको भलो र कल्याण मात्र गर्छन् भने संसारमा यति चर्को दुःख र पीडा किन छ ? किन परमज्ञानी कल्याणकारी ईश्वर मानव जातिको यति चर्को दुःख र पीडालाई खत्तम पार्ने काम गर्दैनन्। त्यसैले या त ईश्वर परमज्ञानी र कल्याणकारी छन् भन्ने कुरा झूठा हो, या संसारमा ईश्वर नै छैनन्। परमज्ञानी र कल्याणकारी ईश्वर अस्तित्वमा हुनु र संसार यति चर्को दुःख र बेदनामय हुनु यी दुवै एकसाथ हुनै सक्दैन। भनिन्छ कि प्रकृति र पुरुष दुवैका सृष्टिकर्ता ईश्वर हुन्। यसको पनि खण्डन गर्दै सांख्य दर्शन के भन्छ भने- यदि प्रकृति र पुरुषको सृष्टि गर्न सकिन्छ भने यसलाई नष्ट पनि गनए सकिनु पर्ने हो। किनकि, संसारमा जुन कुराको सिर्जन हुन्छ, त्यसको ध्वंश पनि हुन्छ। जुन कुराको जन्म हुन्छ, त्यसको मृत्यु पनि हुन्छ। परन्तु, प्रकृतिलाई त न सिर्जना गर्न सकिन्छ, न ध्वंश नै, त्यस्तै पुरुषलाई पनि। प्रकृति र पुरुष दुवै अजन्मा छन् र अमर पनि। त्यसैले प्रकृति र पुरुष दुवै कसैको सृष्टि हुन सक्दैन र यी दुवै ईश्वरको सृष्टि पनि हुनसक्दैन।

सांख्य दर्शनको तर्क के पनि छ भने ईश्वरलाई पूर्ण मानिन्छ र ईश्वर जे गर्छन् उद्देश्यमूलक ढंगले गर्छन् पनि भनिन्छ, यी दुवै कुरा अन्तरविरोधी छन्। यदि ईश्वर पूर्ण छन् भने उनलाई कुनै कुराको पनि अभाव छैन। अतः उनको न त कुनै इच्छा नै हुन सम्भव छ, न उद्देश्य। इच्छा र उद्देश्य त अपूर्ण प्राणीका मात्र विशेषता हुन् । यसप्रकार ईश्वर पूर्ण छन् पनि भन्नु र संसार सिर्जना गर्नुका पछाडि उनको उद्देश्य पनि छ भन्नु आपसमा बाझिने कुराहरू हुन्। यस हिसाबले पनि पूर्ण भन्ठानिएको ईश्वरको कुनै अस्तित्व छैन।

यसप्रकार कपिलले प्रतिपादन गरेको सांख्य दर्शन बिल्कुलै नास्तिक देखिन्छ। मृत्युपछि पाइने मुक्ति र स्वर्गमा कपिल विश्वास गर्दैनन्। उनको भनाई छ– ईश्वरको प्रार्थनाबाट पनि मुक्ति मिल्दैन। मुक्ति यहीं र अहिल्यै मान्छे जीवित हुँदै प्राप्त गर्ने कुरा हो। अज्ञानता र भ्रमबाट मुक्त भयो भने मात्र मुक्ति मिल्दछ। सांख्य दर्शनको ठम्याइमा बन्धन र दुःखको मूल कारण नै अज्ञानता हो । आफूलाई भ्रम र अज्ञानबाट मुक्त गर, सत्य र आफूको बीचमा कुनै भ्रम र अज्ञानतालाई कुनै लोभ र आसक्तिलाई आउन नदेऊ, तिमी यहीं र अहिल्यै मुक्त हुन्छौं। सांख्य दर्शन यसो भन्छ। भ्रम र आसक्ति बन्धनको बाटो, सत्यको ज्ञान मुक्तिको बाटो, कुन बाटो रोज्छौं, आफैं रोज, सांख्य दर्शनको अवधारणा यस्तो छ।

सांख्य दर्शनले मुक्तिको निम्ति विवेक ज्ञानको जरुरत छ भन्ने धारणा अघि सारेको छ। विवेक ज्ञान भनेको आफ्नै 'स्व'लाई प्रकृतिलाई बिल्कुलै अलग र स्वतन्त्र पार्नु हो। 'स्व' भनेको न त शरीर हो, न मन, न अहंकार, न बुद्धि, न प्रकृतिको कुनै उपज। समय र परिस्थिति, सुख र दुःख यी सबैबाट माथि उठेर, प्रकृतिभन्दा अलग्गै र स्वतन्त्र स्थितिमा आफूलाई उठाउनु नै विवेक ज्ञान हो। सांख्य दर्शनले पूर्ण ज्ञान त सम्भव छ भन्दछ, परन्तु नैतिक र बौद्धिक पूर्णताबाट मुक्ति मिल्दैन, अनात्मबाट आत्मालाई पूर्णतया मुक्त पार्न सकियो भने मात्र मुक्ति प्राप्त हुन्छ भन्ने सांख्य दर्शनको ठम्याइ छ। अर्थात्, मुक्ति चाहने मान्छेले आफूलाई प्रकृतिका सम्पूर्ण वस्तुहरूप्रतिको मोह वा आसक्तिबाट मुक्त पार्न सक्नुपर्छ। अनिमात्र जीवनमुक्ति मिल्दछ। अनि मात्र जीवन र मृत्युको चक्रबाट मान्छे मुक्त हुन्छ।

मुक्तिसम्बन्धी सांख्य दर्शनको यो धारणा बुद्ध दर्शनसित मेल खान्छ।

सांख्य दर्शनको मुक्तिसम्बन्धी यो धारणाको महत्त्व केमा छ भने- यसले मुक्तिको निम्ति ईश्वरको प्रार्थना गर्ने बाटो देखाउँदैन । मूर्ति-पूजा गर्ने बाटो पनि देखाउँदैन । यसले मुक्तिको निम्ति अज्ञाता र भ्रमबाट मुक्त हुनुपर्छ भन्ने ज्ञानमुखी बाटो देखाउँछ । प्राकृतिक वस्तुहरूप्रति मोह वा आसक्तिबाट मुक्त हुनुपर्छ भन्ने अनासक्तिको बाटो देखाउँछ। यो यसको राम्रो पक्ष हो। यसले मृत्यु पछिको स्वर्गमा पनि विश्वास नगर्न सिकाउँछ। यसले मान्छेलाई मुक्ति मृत्युपछि होइन, कोशिस गरे यहीं र अहिल्यै आफ्नै जीवनकालमा प्राप्त हुनसक्छ भन्ने आशावादिता जगाउँछ।

तर सांख्य दर्शनको सीमा के हो भने यसले मुक्तिको निम्ति मान्छेहरूको सामुहिक प्रयत्नको बाटो सिकाउँदैन । सामाजिक संघर्ष र मुक्तिको बाटो सिकाउँदैन । यसले व्यक्तिगत प्रयत्न र व्यक्तिको व्यक्तिगत मुक्तिको बाटो मात्र सिकाउँछ। मार्क्सवादसित यो यस मामिलामा पटक्कै मेल खाँदैन।

सांख्य दर्शनले प्रत्येक मान्छेलाई के भन्छ भने तिमी स्वतन्त्र होऊ, अनि मुक्त हुन्छौं । यो स्वतन्त्रता भनेको सुख र दुःखको भावनाबाट स्वतन्त्रता, जय र पराजयको भावनाबाट स्वतन्त्रता, काम, क्रोध, लोभ र मोहको भावनाबाट स्वतन्त्रता, प्रकृतिबाट आत्माको स्वतन्त्रता हो। मान्छेको शरीर जीवित हुँदै जो यी सबै भाव र आसक्तिबाट स्वतन्त्र हुन्छ, जो पूर्णरुपमा प्रकृतिबाट स्वतन्त्र हुन्छ, उसको यहीं र अहिल्यै जीवनमुक्ति हुन्छ। उसलाई मृत्युपछि 'कैवल्य' प्राप्त हुन्छ। अर्थात्, उसको अब पुनर्जन्म हुँदैन। सांख्य दर्शनले यसरी बुद्ध दर्शनले जस्तै पुनर्जन्ममा विश्वास गर्छ । यो यसको सीमा हो।

के स्पष्ट हुनु जरुरी छ भने सांख्य दर्शन कपिलले प्रतिपादन गर्दा जस्तो भौकिवादी र नास्तिक थियो, पछि त्यस्तो रहेन । पछिका सांख्य दर्शनका प्रतिपादनहरूले आदर्शवादसित सम्झौता गर्दै लगे । यसलाई आस्तिक दर्शन बनाउँदै लगे। उदाहरणका लागि, विज्ञान भिक्षुले लेखेको सांख्य-प्रवचन-भाष्यमा त्यहाँ उनले के तर्क पेश गरेका छन् भने- ईश्वरविना हामी प्रकृतिको क्रमिक विकासबारे व्याख्या नै गर्न सक्दैनौं।

गौडपाद र वाचस्पपति मिश्रले पनि सांख्य दर्शनको चेतना वा पुरुष उत्पत्ति सम्बन्धी धारणामा रहेको कमजोरीलाई प्रयोग गर्दै चेतनालाई प्रकृतिबाट बिल्कुलै स्वतन्त्र कुरो बनाउँदै लगे र यसरी सांख्य दर्शनलाई आदर्शवादी बनाउँदै लगे।

परन्तु, कपिलले प्रतिपादन गरेको सांख्य दर्शन, आफ्ना सम्पूर्ण सीमाका बावजूद पूर्वको भौतिकवादी दर्शनको कोटिमा आउने दर्शन हो। यो पूर्वको दार्शनिक विकासको सगरमाथा हो।

(मूल्यांकन मासिक २०५६ मंसिर/पुस, पूर्णांक ७२ बाट साभार)

**ट्रक...**

भारतमा इन्धन, गाडीको मूल्य र कर नेपालको तुलनामा निकै कम लागत, भारतीय ट्रकहरूले १६ टनसम्मको क्षमतामा २५ देखि ३० टनसम्म सामान बोकेर आउँदा उनीहरूले न्यून भाडामा धेरै सामान ओसार्दा नेपाली ट्रकहरू रित्तै बस्नुपर्ने अवस्था छ। ओभरलोड भेटिएपछि ट्राफिक प्रहरीले गर्ने २ हजारको जरिवाना भारतीय व्यवसायीका लागि 'नगन्य' छ। उनीहरू जरिवाना तिरेरै क्लीन चीट जस्तै ओभरलोड लैजान तयार हुन्छन्, किनकि त्यसबाट हुने आम्दानी जरिवानाभन्दा कयौं गुणा बढी हुन्छ। पश्चिमाञ्चल यातायात व्यवसायी समितिका महासचिव बसन्त खड्का भन्छन्-'कुनै पनि देशमा विदेशी सवारी साधन जाँदा त्यहाँको कानुन पालना गर्नुपर्छ। तर, नेपालमा भारतीय गाडीहरूले हाम्रो कानुनलाई खिल्ली उडाइरहेका छन् । यदि उनीहरूले पनि नियमअनुसार भार बोक्ने हो भने हामी प्रतिस्पर्धा गर्न तयार छौं, तर यो बेथितिमा हामी टिक्न सक्दैनौं।'

नेपालका अधिकांश सडक र पुलहरु निश्चित भारवहन क्षमतालाई ध्यानमा राखेर बनाइएका छन्। ती संरचना भारतीय ओभरलोड गाडीका कारण केही महिनामै भत्किदा राज्यलाई दोहोरो असर पुगेको छ।

महासचिव बालकृष्ण बनियाले अब केवल जरिवाना गरेर नहुने भन्दै सीमा नाका वा भन्सार विन्दुमै ओभरलोड सामान अनलोड (पल्टी) गरिनुपर्ने र मालवाहक सवारी साधनको भारवाहन नियमनसम्बन्धि निर्देशिका २०७४ लाई अक्षरशः लागू गरि इन्धनको मूल्य वृद्धिका आधारमा ढुवानी भाडादर वैज्ञानिक ढंगले समायोजन गरिनुपर्ने बताए।

संस्थाले पनि व्यवसायीहरूलाई आफ्नै घरभित्रको विकृतिविरुद्ध पनि कडा कदम चाल्ने बताएका छन्। यदि कुनै नेपाली ट्रकले पनि कम मूल्यमा भाडा मारेको वा ओभरलोड बोकेको पाइएमा उसको दर्ता नवीकरण नगर्ने र संस्थागत सुविधाबाट वञ्चित गर्ने चेतावनी दिइएको छ।

नेपाली यातायात क्षेत्रमा झन्डै खर्बौंको निजी लगानी छ। तर, विदेशी गाडीको अनियन्त्रित प्रवेश र कानुनविपरीतको ढुवानीले यो लगानी बालुवामा पानी हाले सरह भएको छ। लुम्बिनीका व्यवसायीहरूले सुरु गरेको यो कदम सरकारलाई ब्युँझाउन नसके देशभरि आन्दोलन गरी ढुवानी कार्य अवरुद्ध हुनेछ । राज्यको सम्पत्ति दोहन रोक्न र स्वदेशी लगानी जोगाउन सरकारले तत्कालै ठोस कदम चाल्नुपर्ने देखिन्छ।

**ओली...**

२४ भदौसमेत गरी ७६ जनाको ज्यान गयो । यो घटनाको छानबिन गर्न पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको नेतृत्वमा आयोग गठन गरिएको थियो।

कार्की आयोगले बुझाएको प्रतिवेदनमा ओली-लेखकलाई दोषी देखाउँदै कारबाहीका लागि सिफारिस गरिएको थियो।

ओली तथा लेखकलाई मुलुकी फौजदारी संहिताको दफा १८१ र १८२ बमोजिम कारबाही सिफारिस गरिएको थियो। मुलुकी फौजदारी संहिताको दफा १८१ मा 'कसैले लापरबाहीपूर्ण काम गरेर कसैको ज्यान मार्न नहुने' कसुर छ।

२३ भदौको जेनजी आन्दोलनमा बल प्रयोग भएको र त्यसलाई रोक्न प्रयास नभएको, हेलचेक्र्याइँ गरेको जस्ता आरोप उनीहरूमाथि थियो। कार्की आयोगको यो सिफारिस कार्यान्वयन गर्ने निर्णय बालेन शाह नेतृत्वको मन्त्रिपरिषद्ले गरेको थियो। त्यसपछि उनीहरू पक्राउ परेका थिए।

दैनिक लुम्बिनी

रु.जि.हु.द.न.१३/०६३/०६४



# इरान र संरा अमेरिकी अर्थतन्त्र– २

**माइकल रोबर्ट्स**

*अनुवादः वर्षा पाण्डे*

(माइकल रोबर्ट्स चर्चित बेलायती अर्थशास्त्री हुन् । उनले विश्व पुँजीवादको कार्यशैलीलाई मसिनो अध्ययन गरेका छन् । उनी श्रम आन्दोलनको क्षेत्रका चर्चित राजनीतिक अभियन्ता पनि हुन् । सन् २००९ मा प्रकाशित तत्कालिन आर्थिक सङ्कटबारे उनको पुस्तक 'द ग्रेट रिसेसन-अ मार्क्सिट भ्यू' (ठूलो आर्थिक मन्दी–मार्क्सवादी दृष्टिकोण) उनको निकै चर्चित पुस्तक हो । 'द लङ डिप्रेसन' (लामो आर्थिक मन्दी) र 'मार्क्स २००: अ रिभ्यु अफ मार्क्स इकोनोमिक्स' (मार्क्स २००: मार्क्सको अथशास्त्रको समीक्षा) उनका अन्य चर्चित पुस्तक हुन् । वर्तमान संरा अमेरिकी/इजरायली–इरान युद्धलाई बुझ्ने प्रयत्नका लागि रोबर्ट्सले यही मार्च १९ गते प्रकाशन गरेको यो लेख रोबर्ट्सको ब्लगबाट साभार गरी नेपाली अनुवाद पाहुरका पाठकहरूको लागि प्रकाशित गरिएको छ । यो लेखको अनुवादक वर्षा पाण्डे कानुनमा स्नातक गरिरहनुभएका विद्यार्थी हुनुहुन्छ । यो लेखको पहिलो भाग २०८२ चैत २१ गते प्रकाशित भएको थियो ।)

मुख्यधाराका अर्थशास्त्रीहरूका अनुसार मुद्रास्फीतिको प्रमुख कारण 'मुद्रास्फीति अपेक्षा'मा हुने वृद्धि हो । यो एक व्यवहारवादी सिद्धान्त हो र यसलाई हामीले पटक-पटक खण्डन गरेका छौँ । पाँच वर्षको अवधिमा, पाँच वर्ष अगाडिको मुद्रास्फीति अपेक्षामा धेरै परिवर्तन भएको छैन । महामारीपछिको अवधिमा बढ्दो मुद्रास्फीति मुख्यतः आपूर्ति पक्षको कारणले भएको थियो र यसपटक पनि अवस्था यस्तै रहनेछ ।




युद्धको प्रभावले अमेरिकाका उच्च धनी वर्ग (एलिट) र बाँधी अमेरिकी घरधुरीबीचको खाडल बढ्दो क्रममा छ जसलाई मुख्यधाराका अर्थशास्त्रीहरूले 'के' आकारको अर्थतन्त्र भनेका छन् । आयको उच्च तहमा खर्च वृद्धि उल्लेखनीय रूपमा छिटो भएको छ, जबकि तल्लो तहका उपभोक्ताहरू, जसले महामारीपछि केही समयका लागि उच्च ज्याला वृद्धिको अनुभव गरेका थिए, अहिले ज्याला वृद्धिको दर सुस्त हुँदै गएका महसुस गरिरहेका छन् ।



फोर्ब्स म्यागाजिनले हालै विश्वका अर्बपतिहरूको आफ्नो पछिल्लो वार्षिक सूची जारी गरेको छ । उक्त सूची हेर्दा, सम्पत्तिको वृद्धि हुने चरम गति साँच्चै अचम्मलाग्दो छ । असमानताविद् ग्याब्रियल जुक्मानका अनुसार, विश्वका अर्बपतिहरूको सम्पत्ति अहिले विश्वको कुल गार्हस्थ उत्पादनको करिब १७ प्रतिशत बराबर पुगेको छ ।




इरान युद्धले संरा अमेरिकी अर्थतन्त्रमा नयाँ जोखिमहरू पनि सिर्जना गरिरहेको छ, जसले वित्तीय सङ्कट निम्त्याउन सक्छ । मुख्यधारका धेरै अर्थशास्त्रीहरूले बारम्बार दाबी गरेता पनि सन् २००८ को विश्वव्यापी वित्तीय सङ्कट उच्च सार्वजनिक ऋणको कारणले भएको थिएन । उक्त आर्थिक सङ्कट निजी क्षेत्रमा आएको ऋणको गिरावटले निम्त्याएको थियो जसलाई समाधान गर्न सरकार राहत (बेलआउट) दिन बाध्य भयो । फलस्वरूप सार्वजनिक ऋण बढ्न थाल्यो ।

अहिले सन् २०२६ मा निजी ऋणको गिरावट फेरि प्रमुख जोखिम बनेको छ । त्यति चर्चामा नआएको वित्तिय विश्लेषक समूह 'सिट्रीनी रिसर्च'को कृत्रिम बौद्धिकता (एआई)ले भविष्यमा पार्ने प्रभावबारेको प्रतिवेदनका कारण सफ्टवेयर कम्पनीहरूको सेयर बजारमा गिरावट आएको थियो जबकि वित्तीय लगानीकर्ताहरूले त्यस क्षेत्रमा कुनै ठूलो सङ्कट नआउने निष्कर्ष निकालेका थिए ।

यद्यपि, अहिले मुख्य चिन्ताको विषय भनेको सफ्टवेयर कम्पनीहरूमा पूर्व शर्तहरू पालना गर्न नसक्ने र ऋण तिर्न नसक्ने अवस्था आउने सम्भावना हो । यी कम्पनीहरूले परम्परागत वाणिज्य बैंकहरूबाट होइन बरु 'निजी ऋण स्रोत' भनिने माध्यमबाट पैसा ऋण लिएका छन् । पछिल्ला दुई दशकमा निजी कोषहरूद्वारा प्रत्यक्ष ऋण दिने प्रचलन संरा अमेरिकी वित्तीय प्रणालीको महत्त्वपूर्ण हिस्सा बनेको छ । यस्ता निजी कोषहरूले स्टार्टअपहरू तथा त्यस्ता कम्पनीहरूलाई ऋण उपलब्ध गराउँछ जसले बैंकबाट ऋण लिन वा बन्ड बेच्न गाह्रो पर्छ ।

एक परम्परागत निजी ऋण कोषले पेन्सन कोषहरू र अनुदानहरूको पैसा पाँच वर्ष वा त्यो भन्दा धेरै समयका लागि 'स्थिर' राख्छ । यसले गर्दा ती निजी कोषहरूले आफ्ना लगानीकर्ताहरूले तुरुन्तै पैसा फिर्ता माग्ने भय बिना कम्पनीहरूलाई दीर्घकालीन ऋण प्रदान गर्न सक्छन् ।

तर, निजी वित्तका केही ठूला खेलाडीहरूले पेन्सन कोषहरू तथा अन्य लगानीकर्ताहरूलाई आकर्षित गर्न 'अर्ध-तरल' कोषहरू प्रस्ताव गर्ने निर्णय गरे, जसले लगानीकर्ताहरूलाई त्रैमासिक रूपमा आफ्नो पैसा झिक्ने सुविधा दिने वाचा गर्थ्यो । तर, लगानीकर्ताहरूलाई सम्पत्तिको अधिकतम ५ प्रतिशतसम्म मात्र रकम झिक्न पाइने शर्त राखिन्थ्यो जसका कारण आकस्मिक रूपमा सस्तोमा सम्पत्ति बेच्नुपर्ने अवस्था नआओस् । यी 'वित्तिय उत्पादनहरू' निकै लोकप्रिय भए । यीनले करिब २०० अर्ब डलर लगानी आकर्षित गरे साथै यीनको वृद्धि दर सन् २०२१ देखि २०२५ सम्म वार्षिक ६० प्रतिशत रह्यो ।

तर, यस्ता निजी ऋण प्रदायक कोषहरू वाणिज्य बैंकहरूजस्तो नियमन गरिन्नन् त्यसैले यहाँ सँधै एउटा जोखिम अन्तर्निहित रहेको छ । यो ठ्याक्कै सन् २००७-०८को वित्तिय सङ्कटमा 'सब-प्राइम मोर्गेज' (कमजोर ऋण इतिहास भएकालाई लक्षित गरिएको उच्च ब्जाजदरको घर-जग्गा ऋण) मा देखिएको जस्तो जोखिम हो ।

यति हुँदा हुँदै पनि यो सत्य हो कि सम्पूर्ण संरा अमेरिकी ऋण बजारको तुलनामा निजी ऋण बजार निकै सानो आकारको छ । साथै, निजी ऋण कोषहरू अन्यन्त पूँजीकृत छन्, जहाँ साधारणतया इक्विटी कुल सम्पत्तिको ६५ देखि ८० प्रतिशत छ । यो बैंकहरूको तुलनामा (जहाँ इक्विटी करिब १० प्रतिशत मात्र हुन्छ) ६ गुणाभन्दा बढी हो ।

यसको परिणाम स्वरूप, संघीय बैंकको स्ट्रेस परीक्षण (स्ट्रेस टेस्ट– ठूला संरा अमेरिकी बैंकहरूको चरम आर्थिक मन्दीमा पर्याप्त पूँजीसहित रहन सक्ने क्षमता नाप्न हुने वार्षिक मूल्याङ्कन)ले देखायो कि गम्भीर मन्दीको अवस्थामा समेत निजी ऋणले वित्तीय स्थिरतालाई खतरा पुऱ्याउने छैन । समग्र संरा अमेरिकी ऋण बजारको सन्दर्भमा हेर्दा, निजी ऋणको कुल बक्यौता ऋणमा अपेक्षाकृत सानो नै रहेको छ ।

त्यसो भए, चिन्ता लिनु पर्ने केही विषय छैन तर ? सन् २००८ मा अनियन्त्रित रूपमा ऋण दिने मोर्गेज कम्पनीहरूको बारेमा पनि यस्तै भनिएको थियो । त्यसैले के ख्याल गर्नु पर्छ भने, साना पुर्जाहरू खराब हुँदा ठूलो प्रणालीहरू पनि अवरुद्ध हुन सक्छन् ।

संरा अमेरिकी अर्थतन्त्र सुस्त हुँदै जाँदा निजी ऋण कोषबाट ऋण लिएका कम्पनीहरूको ऋण नतिर्ने दर (डिफल्ट रेट) ९.२ प्रतिशत पुगेको छ । यो सन् २००८ मा बैंक ऋणको ऋण नतिर्ने दर(डिफल्ट रेट)भन्दा पनि उच्च हो ।




युबिएस (युनियन बैंक अफ स्वीट्जरल्याण्ड)का अनुसार निजी ऋण कोषबाट ऋण लिएका कम्पनीहरूको ऋण नतिर्ने दर (डिफल्ट रेट) १५ प्रतिशतसम्म पुग्न सक्छ । यो सन् २००८ को बैंकको ऋण नतिर्ने दरभन्दा तीन गुणा बढी हो ।




यसको परिणामस्वरूप, निजी ऋण कोषहरूमा लगानी गरेका लगानीकर्ताहरू बाहिरिन खोजिरहेका छन् । यद्यपि अधिकांश निजी ऋण कोषहरूमा त्रैमासिक रूपमा सम्पत्तिको अधिकतम ५ प्रतिशतसम्म मात्र रकम फिर्ता लिन पाइने नियम छ । यो नियमले अत्याधिक निकासीलाई रोक्ने सुविधा दिन्छ । तर, यो सबै बाहिरिने क्रममले सन् २००८ को अवस्थालाई प्रतिध्वनित गरिरहेको छ ।




योसँगै, निजी ऋण कोषहरू र वाणिज्य बैंकहरू एकअर्कासँग घनिष्ठ छन् । हर्नान्डेज डे कोसका अनुसार, "बैंकहरू गैर-बैंक संस्थाहरूका लागि ऋणदाता, काउन्टर-पार्टी, सेवा प्रदायक र कहिलेकाहीं अन्तिम सहारा पनि हुन्छन्" । उनी नियामकहरूको नियन्त्रणभन्दा बाहिर रहेका "उच्च ऋणभार (लेभरेज), तरलता रूपन्तरण र अवधि जोखिमले निर्माण हुने जटिल सञ्जाल"प्रति चिन्ता व्यक्त गर्छन् । उनका अनुसार यो निजी ऋण कोषयको संरचनात्मक जोखिमको उल्लेखनीय कारक बन्न सक्छ ।

संरा अमेरिकी बैंकहरूको निजी ऋण कोषमा करिब ३०० अर्ब डलरको जोखिम छ । वेल्स फार्गो निजी ऋण कोषहरूमा ६० अर्ब डलर ऋणको साथ अग्रस्थानमा छ । जेपी मोर्गनको २२ अर्ब डलरको जोखिम रहेको छ जसले अहिले सफ्टवेयरसम्बन्धी ऋणहरूको मूल्य र ऋण प्रवाह घटाएको छ ।




गोल्डम्यान स्याक्सका अनुसार, आगामी दुई वर्षमा निजी ऋण कोषहरूबाट करिब ७० अर्ब डलरसम्म रकम बाहिरिन सक्छ । जसको असर सबैभन्दा बढी कमजोर व्यवस्थापकहरूलाई पर्न जान्छ । उनीहरू भुक्तानी फिर्ताको माग पूरा गर्न ऋणहरू बेच्न बाध्य पर्न सक्छन् ।

मध्यपूर्वको अशान्ति जति लामो समयसम्म जारी रहन्छ, जोखिमहरू त्यति नै बढ्दै जानेछन् । अर्को शब्दमा भन्नुपर्दा, इरान युद्ध र निजी ऋण कोषको संयोजन विश्वव्यापी मन्दी ल्याउने जति ठूलो आकारको नदेखिए पनि यसले वित्तीय संकट निम्त्याउन सक्ने सम्भावना उत्तिकै छ ।

तर, सम्भवतः कृत्रिम बौद्धिकता (एआई) प्रविधिको उभारले संरा अमेरिकी अर्थतन्त्रलाई सहयोग गर्न सक्छ । केहीले तर्क गरिरहेका छन् कि कम्पनीहरूमा एआई मोडेल र एआई एजेन्टहरूको प्रयोगका कारण संरा अमेरिकी श्रम उत्पादकत्व पहिलेभन्दा तीव्र गतिमा बढिरहेको छ । सन् २०२५ मा अमेरिकाको श्रम उत्पादकत्व २.८ प्रतिशतले बढ्यो, जुन २०२४ को २.३ प्रतिशतभन्दा बढी हो र यो वृद्धिदर लामो समयको औसतभन्दा र पहिले गरिएको अनुमानभन्दा निकै माथि छ ।




श्रम उत्पादकत्व वास्तविक कुल ग्राहस्थ उत्पादनलाई श्रम गरिएको समय (घण्टा)ले भाग गरेर गणना गरिन्छ ।यो प्रविधिमा आएको परिवर्तन र प्रति श्रमि उपलब्ध पूँजीको मात्रामा हुने परिवर्तनसँगै फरक पर्न सक्छ । तर मुख्यधाराका अर्थशास्त्रीहरूले कुल कारक उत्पादकत्व (टोटल फ्याक्टर प्रोडक्टिभिटि)लाई पनि हेर्छन्, जसले पूँजी लगानी वा श्रमको तीव्रता बढेर नभई अन्य कारणले भएको उत्पादकत्व वृद्धिलाई मापन गर्छ । यो सूचक पनि अहिले बढ्दो क्रममा छ ।

यी सबै कम्पनीहरू र तिनका कर्मचारीहरूले आफ्नो काममा एआई मोडेलहरू कति छिटो अपनाउँछन् र त्यो प्रयोग अर्थतन्त्रभरि कति फैलिन्छ भन्नेमा निर्भर गर्छ । सेन्ट लुइस फेडका अर्थशास्त्रीहरूका अनुसार एआई प्रयोग गर्ने कामदारहरूले आफ्नो कामको समयको करिब ५.४ प्रतिशत (अर्थात् हप्तामा करिब २.२ घण्टा) बचन गर्न सक्छन् । तर २०२४ मा क्याथिन बोन्नी लगायतले तयार पारेको शोधपत्रले देखाएको छ कि फेब्रुअरी २०२४ सम्म केवल ५.४ प्रतिशत कम्पनीहरूले मात्र औपचारिक रूपमा जेनरेटिभ एआई अपनाएका थिए । यसले के संकेत गर्छ भने कामदारहरूको एआई प्रयोग अझै प्रायः अनौपचारिक छ र यो उत्पादकत्वका तथ्याङ्कहरूमा स्पष्ट रूपमा देखिने छैन ।

एक शोधपत्रमा, जेड कोल्कोले एआई र यसको संरा अमेरिकी श्रम बजारमा प्रभावबारे हालसम्मका अनुसन्धानहरूको समीक्षा गरेका छन् । उनको निष्कर्ष छ– "श्रम बजारमा एआईको प्रभावबारे प्रारम्भिक अनुसन्धानका निष्कर्षहरू अनिश्चित छन्, यीनले भविष्यबारे कमजोर संकेतमात्र दिन्छन्, र यी एआईसम्बन्धी व्यापक अनुसन्धानको केवल एक अंश मात्र हुन् ।" साथै, "हालका ठूला भाषाका मोडेलहरू (एलएलएम)को व्यावसायिक प्रयोग यति नयाँ छ कि यसको दीर्घकालीन आर्थिक प्रभाव रोजगारी, उत्पादन वा उत्पादनकत्वका तथ्याङ्कहरूमा देखिन वर्षौं लाग्न सक्छ ।"

जनगणना ब्युरोको 'बिजनेस ट्रेन्ड एण्ड आउटलुक सर्वे'को हालको तथ्याङ्क अनुसार, पाँचमध्ये एकभन्दा कम कम्पनीहरूले मात्र कुनै न कुनै रूपमा एआई प्रयोग गरिरहेका छन् र त्यसभन्दा पनि कम कम्पनीहरूले वस्तु तथा सेवा उत्पादनमा प्रत्यक्ष रूपमा एआई प्रयोग गरिरहेका छन् । वास्तवमा, "अहिलेसम्म एआईका कारण हुने संक्रमणकालीन अवरोध हालका अन्य प्रविधिगत परिवर्तनहरूभन्दा तीव्र छैन ।" पछिल्ला तीन वर्षमा पेशागत संरचनामा आएको परिवर्तन सन् १९८४ मा व्यावसायिक कम्प्युटर युग सुरु भएपछि र सन् १९९६मा व्यावसायिक इन्टरनेट युग सुरु भएपछि देखिएको गतिसँग मिल्दोजुल्दो छ, र च्याट जिपिटी सार्वजनिक भए पछि पनि यो गति खासै तीव्र भएको छैन ।




यसकारण मावन श्रम कम गरेर एआई एजेन्टहरूद्वारा प्रतिस्थापन गर्दा अपेक्षित उत्पादकत्व वृद्धि अझै केही समय टाढा जस्तो देखिन्छ । यसैबीच, एआईमा आएको विशाल लगानीको पानीको फोका चाँडै फुट्न पनि सक्छ ।

एआई क्षेत्रमा अग्रणी ओपन एआईलाई हेरौं । यसको लगानी गरिएको सम्पत्ति करिब ७३० अर्ब डलर पुगेको छ, तर गत वर्ष यसले केवल १३.१ अर्ब डलर आम्दानी गऱ्यो र ८ अर्ब डलर घाटा व्याहोर्नुपऱ्यो । यस वर्ष घाटा १४ अर्ब डलरसम्म पुग्न सक्छ । २०२९ सम्म जम्मा घाटा १४३ अर्ब डलरसम्म पुग्ने अनुमान छ ।

यी अनुमानित घाटाहरू उबरले नाफा कमाउनुअघि जम्मा गरेको घाटाभन्दा पाँच गुणा बढी हुन् । ओपन एआईले २०२९ सम्म नाफामा जाने दाबी गरे पनि यसको एआई मोडेल च्याट जीपीटीको वेब ट्राफिक हिस्सा (सम्पूर्ण उद्योग, प्रतिस्पर्धीलगायतमा आउने भिजिटरहरूमध्ये आफ्नो वेबमा आउने भिजिटरको प्रतिशत) पछिल्लो १२ महिनामा ८६.७ प्रतिशतबाट घटेर ६४.५ प्रतिशतमा झरेको छ । यसको मुख्य कारण गुगल जेमिनीले यसको च्याट जिपिटीको बजार हिस्सा कम गर्दै जानु हो । साथै, केवल च्याट जिपिटीको लगानीको ३० भागको एक भाग लगानी गरेको सस्तो चिनियाँ डिपसिकले च्याट जिपिटी जत्तिकै प्रदर्शन गर्न सक्ने देखिएको छ ।




ओपन एआईलाई २०२९ सम्म नाफा कमाउन १.२ अर्ब भुक्तानी गर्ने सब्स्क्राइबर आवश्यक पर्नेछ । त्यो सम्भावित देखिँदैन ।

ओपन एआई ले ऋण र इक्विटी लगानी निरन्तर आउने आशा राखेको छ किनभने उसले छिट्टै मानव मस्तिष्कभन्दा उच्च स्तरमा आफैँ सोच्न सक्ने अत्यन्त बुद्धिमान एआई मोडेल विकास गर्न सक्ने दाबी गर्छ । यो एआई कम्पनीहरूको 'पवित्र लक्ष्य' हो अर्थात् पूर्ण ज्ञान प्राप्तिको क्षण हो । तर, 'पवित्र लक्ष्य' केवल १९औं शताब्दीको काल्पनिक कथा मात्र थियो ।

रुचिर शर्माले गत अक्टोबरमा भनेका थिए-"संरा अमेरिका अहिले पूरै एआईमा आधारित एउटा ठूलो जुवा बनेको छ ।" यसलाई संरा अमेरिकी अर्थतन्त्रका हरेक चुनौतीको जादुयी समाधानको रूपमा हेरिएको छ । तर के यसले वास्तवमै परिणाम दिन सक्छ ? सम्भवतः त्यो प्रश्नको उत्तर पाउनुअघि नै एआई सम्बन्धी वित्तीय संकट आउन सक्छ र सम्भवतः त्यसअघि आर्थिक मन्दी पनि आउन सक्छ । त्यसैले डोनाल्ड ट्रम्प र संरा अमेरिकी अर्थतन्त्रका लागि एआई उद्धारकर्ता बन्ने सम्भावना अझैं अनिश्चित बाजी (जुवा) जस्तै नै देखिन्छ ।

**तानसेन नगरपालिकाको कार्यालय**

**नगर कार्यपालिकाको कार्यालय लुम्बिनी प्रदेश, तानसेन, पाल्पा**

## १५ दिने दाबी विरोध सम्बन्धी सूचना

प्रस्तुत विषयमा साविक बर्तुङ-०६ हाल तानेसन नगरपालिका- ०१ स्थित बाबु श्रीमान दर्लामी तथा आमा बेलिकला दर्लामीको छोरा वर्ष ३३ को गोपाल दर्लामीको नाममा दर्ता कायम भएको कि नं. ३८३ क्षेत्रफल ०-३-०-० को जग्गामा घर बनाउन मिति २०८३।०१।०३ मा तानसेन नगरपालिका कार्यालय तानेसन, पाल्पाबाट सधियारको नाममा सो १५ दिने हकदाबी सम्बन्धी सूचना प्रकाशित गरिएको छ । जग्गा धनी गोपाल दर्लामीले प्रकाशित गरेको सूचना मितिले कुनै दाबी विरोध भएमा १५ दिनभित्र स-प्रमाणसहित दाबी विरोधको लागि तानसेन नगरपालिकाको नक्सा शाखामा दाबी विरोध गर्न आउनुहुन सादर अनुरोध गरिन्छ । अन्यथा सोही बमोजिम नाप नक्सा तथा निर्माण कार्य हुने यसै सूचनाबाट जानकारी गराइन्छ ।

इति सम्वतः २०८३ साल बैशाख महिना ३ गते रोज ५ शुभम् ।

**बुटवल उपमहानगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय**

**बुटवल, रुपन्देही**

## बोलपत्र स्वीकृतिको आशयपत्र सम्बन्धी सूचना

**प्रकाशित मिति : २०८३/०१/०५**

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट मिति २०८२/११/१८ मा प्रकाशित देहायको कार्यको बोलपत्र आह्वान सम्बन्धी सूचनाअनुसार म्यादभित्र दर्ता हुन आएका तपशिल बमोजिमको बोलपत्रदाताहरुको बोलपत्र स्वीकृत हुने प्रकृयामा रहेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| ठेक्का नं. | कामको विवरण | ठेक्का कबोल गर्ने फर्मको नाम ठेगाना | कबोल अंक भ्याट सहित |
|---|---|---|---|
| 13/082/083/BSMC/ IDD/Works / NCB | बुटवल उपमहानगरपालिका वडा नं.११ स्थित शहिद स्मृति आधारभूत विद्यालयको अधुरो भवन निर्माण कार्य | भवन निर्माण कार्य श्री सिद्धबाबा निर्माण तथा डीप ट्युबवेल , बुटवल-११, रुपन्देही | रु २३,३७,५६१।५० |
| 14/082/083/BSMC/ IDD/WORKS/NCB | बुटवल उपमहानगरपालिका वडानं.१६ स्थित तिराही चोकदेखि नरैनापुर मन्दिर अगाडि हुँदै बैठौलिया कपरकट्टी ताल जाने सडक निर्माण कार्य | श्री पोखरेल निर्माण सेवा, दयानगर-०३, रुपन्देही | रु ५९,७४,५७१।३२ |

**खरिद इकाई**

**बुटवल उपमहानगरपालिका**

**नगर कार्यपापिलकाको कार्यालय**

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुखानगर, रूपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ्ग खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

रु.जि.हु.द.न.१३/०६३/०६४

२०८३ बैशाख ०५ गते, शनिबार
Saturday April 18, 2026

न.प.जि.प्र.का.द.न.४/०४५/०४६

दैनिक लुम्बिनी

# भैरहवा हाटबजार बहुतले कृषि भवनमा



भैरहवा । प्रायः हाटबजार त्रिपाल टांगेर, टिनको छाप्रो र सेडहरुमा देखिन्छ । कहीँ बाटोमा त कहीँ बगैँचा र खुला ठाउँमा हाटहरु लाग्ने गर्छ । रुपन्देहीको भैरहवामा पनि साताको २ दिन आइतबार र बिहीबार यस्तै प्रकृतिले लाग्ने भए पनि बिहीबारदेखि यहाँको बजार अत्याधुनिक भवनबाट सुरु भएको छ ।

ऐतिहासिक हाटबजारको रुपमा रहेको बजार पहिलाकै स्थानमा १२ करोड लागतमा निर्मित अत्याधुनिक सामुदायिक कृषि भवनमा स्थानान्तरण भएको छ ।

खुल्ला आकाशमुनि घाम, पानी र धुलोका बिच अव्यवस्थित ढंगले सडक किनारमा लाग्दै आएको बजार अब सुविधासम्पन्न संरचनाभित्र समेटिएको छ । सिद्धार्थनगर नगरपालिकाले पाँचतल्ले 'ए ब्लक' सामुदायिक कृषि भवन विविध कारणले प्रयोगविहीन अवस्थामा भएपछि नगरपालिकाको कार्यपालिका बैठक र नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जनक थापाको प्रयासले भवनले सार्थकता पाएको हो ।

सडक अवरुद्ध हुने गरी अव्यवस्थित रुपमा लाग्दै गरेको बजार पनि व्यवस्थित पनि हुने र प्रयोगमा आउन ढिलाइ भइरहेको बेला नगरपालिकाको यो निर्णयले नगरवासी हर्षित छन् । यसले एकातर्फ उपभोक्तालाई सहज, बाटो जामको समस्या हट्ने र व्यापारीलाई समेत घाम, हावा पानीबाट पनि असर नगरी सुरक्षित बनाएको छ ।

स्थानान्तरणको पहिलो दिन झण्डै ३५० देखि ४०० जना व्यवसायीहरूले नयाँ भवनबाट आफ्नो कारोबार सुरु गरेका छन् । नगरपालिकाले पहिलो चरणमा कृषि उपजका वस्तुहरूलाई प्राथमिकता दिएर व्यवस्थापन गरेको छ भने आगामी दिनमा अन्य व्यवसायलाई समेत क्रमशः स्थानान्तरण गर्ने योजना बनाएको छ ।

निर्माणधिन अवस्थामा रहेको 'बी ब्लक' को काम पनि तीव्रताका साथ भइरहेको छ, सम्भवतः असारमा सम्पन्न हुने भएपछि कृषि बाहेकका अन्य व्यवसायलाई यही व्यवस्थापन गरी सबै प्रकारको सेवा र उद्देश्य पूरा हुने प्रमुख प्रशासकीय अधिकृत जनक थापा बताउँछन् । 'अहिलेलाई नगरपालिकाले आफैं सञ्चालन गर्नेगरी योजना अघि बढाएको छ, बेसमेन्ट, भुई तला र पहिलो तलामा कृषि उपजलाई प्राथमिकता दिँदै प्रयोगमा ल्याएका छौं । नगरपालिकाले व्यवसायीहरूलाई प्रोत्साहन गर्न असार मसान्तसम्म कुनै पनि भाडा वा शुल्क नलिने गरी कार्ययोजना बनाएको छ ।'-उनले भने ।

आइतबार र बिहीबार हाटबजारकोमा रुपमा सञ्चालन गर्ने र अन्य दिनमा पनि पसल सुचारु गर्नका लागि नगरपालिकाले आवश्यक गृहकार्य गरिरहेको जनाएको छ । असारपछि दुबै ब्लकबाट सेवा सुचारु हुने गरी सबै भवन उद्देश्य अनुरुप प्रयोगमा ल्याउने गरी कार्यविधि बनाई न्यूनतम सहुलियतपूर्ण शुल्क निर्धारण गरी सञ्चालन गर्ने नगरपालिकाले जनाएको छ ।

बाटो र फुटपाथमा रहेका व्यवसायी र ठेलालाई समेत अहिले ब्लकको परिसरमा व्यापारको लागि व्यवस्थापन गरिएको छ ।

व्यवसायीहरूलाई व्यवस्थितरुपमा राखिएपछि खुशी छन् । पहिले आउनेलाई प्राथमिकता दिने नीति अनुरूप काम भइरहेको छ, नगरपालिका क्षेत्रभित्रका कुनै पनि फुटपाथमा व्यापार गर्न नपाइने कडा नीति समेत नगरपालिकाले अघि सारेको छ । किसानका उत्पादन सिधैँ उपभोक्तासम्म पुऱ्याउने उद्देश्यका साथ पनि यसलाई सञ्चालनमा ल्याइएको छ, यसले नगरप्रमुख ईस्तियाक अहमदले लिएको नारा क्लिनी ग्रीन इकोफ्रेण्डलीलाई समेत पुरा गर्ने विश्वास छ । बजारले भैरहवाको शहरी सौन्दर्यता बढाउनुका साथै आर्थिक गतिविधिमा नयाँ ऊर्जा थप्ने विश्वास गरिएको छ ।

## तिलोत्तमामा शिक्षा सुधारको योजना :

# १३ विद्यालय मर्ज र तहमिलान, २३ सय बढीलाई छात्रवृत्ति दिइने

**लुम्बिनी संवाददाता**

*बुटवल*



रुपन्देहीको तिलोत्तमा नगरपालिकाले शिक्षा क्षेत्रको सुधारको लागि कार्यदल नै बनाएर पालिकाको शैक्षिक गुणस्तर बढाउने कार्यमा लागेको छ । नगरप्रमुख रामकृष्ण खाँणले कार्यदलको सुझावअनुसार कार्यपालिका बैठकबाट पारित गरेर नगरपालिकाले १३ वटा विद्यालयमा समायोजन र तह मिलान गर्दै शिक्षा प्रणालीलाई व्यवस्थित बनाउने पहल अघि बढाएको बताए ।

यस्तै संस्थागत विद्यालयतर्फ अध्ययन गरिरहेका २३ सय बढी विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान समेत हुने भएको उनले जानकारी गराए । कार्यदलको २ महिना लामो स्थलगत अध्ययनपश्चात् आएको रिपोर्टअनुसार तिलोत्तमा नगरपालिकाले शिक्षा क्षेत्रमा व्यापक सुधारको लक्ष्यसहित ऐतिहासिक निर्णय गरेको हो । नगरभित्र रहेका सामुदायिक र संस्थागत विद्यालय र विद्यार्थीहरुलाई सहज हुँदै शैक्षिक गुणस्तर थप वृद्धि गर्नेगरी पालिकाले कार्य गरिएको हो । नगरप्रमुख खाँणका अनुसार ९ सदस्यीय कार्यदल गठन गरी विद्यालयको अवस्था, विद्यार्थी संख्या, शिक्षक दरबन्दी, अनुदान वितरणलगायतका विषयमा विस्तृत अध्ययन गरिएको थियो । साथै, सामुदायिक तथा संस्थागत विद्यालयका प्रतिनिधि, सरोकारवाला निकाय र विज्ञहरूसँग व्यापक छलफलपछि मात्र कार्यविधि तयार गरिएको हो । लगातार घट्दो विद्यार्थी संख्या, कमजोर शैक्षिक उपलब्धि, शिक्षक-विद्यार्थी अनुपातको असन्तुलन, अभिभावकको घट्दो चासो र प्रति विद्यार्थी उच्च लागतजस्ता समस्यालाई सम्बोधन गर्न यो कदम चालिएको उनले बताए ।

पालिकाको यो पहललाई शिक्षा सुधारको नमुना प्रयासका रूपमा हेरिएको बताउँदै नगरप्रमुख खाँणले समायोजन, तहमिलानका साथै छात्रवृत्तिको सुनिश्चितता भएको बताए । विद्यालय समायोजनबाट करिब २७ लाख रुपैयाँ आर्थिक बचत हुने अपेक्षा गरिएको बताउँदै नगरप्रमुख खाँणले बचत भएको रकम बढी विद्यार्थी भएका विद्यालयहरूमा लगानी गरी शैक्षिक गुणस्तर अभिवृद्धि गरिने जनाए । प्रमुख प्रशासकीय अधिकृत खुमलाल भुसालका अनुसार पछिल्ला वर्षहरूमा विद्यार्थी संख्या निरन्तर घट्दै गइरहेको, शिक्षक-विद्यार्थी अनुपात असन्तुलित बन्दै गएको र पूर्वाधारको कमी देखिँदा यस्तो निर्णय अपरिहार्य बनेको हो । तिलोत्तमाभित्र हाल ४२ सामुदायिक विद्यालयमा १९ हजारभन्दा बढी र ४२ संस्थागत विद्यालयमा २३ हजारभन्दा बढी विद्यार्थी अध्ययनरत रहेका छन् । तर विशेषगरी आधारभूत तहमा विद्यार्थी संख्या न्यून हुँदा शिक्षकको प्रभावकारी प्रयोग हुन नसकेको, सिकाइ उपलब्धि कमजोर देखिएको र राज्यको लगानीसमेत अपेक्षाअनुसार परिणाममुखी हुन नसकेको निष्कर्ष निकालिएको छ । यस अवस्थालाई सुधार गर्न नगरपालिकाले मापदण्ड तयार गरी लागू गरेको छ ।

सो मापदण्डअनुसार कम्तीमा एक कक्षामा १५ जना विद्यार्थी हुनुपर्ने व्यवस्था गरिएको छ । मापदण्ड नपुगेका विद्यालयहरूलाई समायोजन गरिएको छ भने मापदण्ड पूरा गरेका विद्यालयहरूलाई यथावत राखिएको छ । यही आधारमा ६ विद्यालय समायोजन र ७ विद्यालय तह मिलान गर्ने निर्णय गरिएको हो । कुन विद्यालय कहाँ भए समायोजन र तहमिलान ? समायोजनअन्तर्गत तिलोत्तमा-१६ का बोहिया आधारभूत विद्यालय र कोटहिमाई मिसुजु आधारभूत विद्यालयलाई समेट्दै कोटहिमाई मिसुजु आधारभूत विद्यालयमा एकीकृत गरिएको छ । तिलोत्तमा-१२ का कोटियामाई आधारभूत विद्यालयलाई सरस्वती आधारभूत विद्यालयमा समायोजन गरिएको छ । त्यस्तै तिलोत्तमा-६ को मेदिनी आधारभूत विद्यालयलाई तिलोत्तमा-५ स्थित शान्ति नमूना माध्यमिक विद्यालयमा गाभिएको छ । तिलोत्तमा-१४ को नमूना महिला आधारभूत विद्यालयलाई सोही वडाको टिकुलिगढ माध्यमिक विद्यालयमा समायोजन गरिएको छ । तिलोत्तमा-११ को नवज्योति शंकरमान आधारभूत विद्यालयलाई भुल्के माध्यमिक विद्यालयमा र तिलोत्तमा-१३ को सेमरी आधारभूत विद्यालयलाई जनता माध्यमिक विद्यालयमा समायोजन गरिएको छ । समायोजन भएका विद्यालयहरुमा सेक्टर विद्यालयको रुपमा भौतिक संरचनालगायत प्रयोग गरेर अझै व्यवस्थीत हुँदै जाने जनाइएको छ ।

यता तह मिलानतर्फ भने तिलोत्तमा-१७ को बाल विकास आधारभूत विद्यालय र तिलोत्तमा-८ को ज्योति आधारभूत विद्यालयलाई कक्षा ८ बाट घटाएर कक्षा ५ सम्म सीमित गरिएको छ । तिलोत्तमा-११ को शिवपुर माध्यमिक विद्यालयमा कक्षा १२ बाट कक्षा १० सम्म झारिएको छ भने सोही वडाको गणेश आधारभूत विद्यालयलाई पनि कक्षा ८ बाट कक्षा ५ मा सीमित गरिएको छ । तिलोत्तमा-१३ को बभनी आधारभूत विद्यालय र तिलोत्तमा-१२ को सरस्वती आधारभूत विद्यालयलाई कक्षा ५ बाट कक्षा ३ सम्म सीमित गरिएको छ । यसैगरी तिलोत्तमा-६ को सत्यलक्ष्मी आधारभूत विद्यालयलाई पनि कक्षा ५ बाट कक्षा ३ सम्म झारिएको छ । छात्रवृत्तिको सुनिश्चितता यसैगरी, संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि छात्रवृत्ति वितरणलाई थप व्यवस्थित बनाइएको छ । कुल २३ हजारभन्दा बढी विद्यार्थीमध्ये २३०० भन्दा बढीले पूर्ण छात्रवृत्ति प्राप्त गर्नेछन् । जसमा भर्ना शुल्क, मासिक शुल्क र यातायात खर्चसमेत समावेश हुनेछ ।

छात्रवृत्तिलाई समावेशी बनाउँदै जेहेन्दार, विपन्न, आदिवासी जनजाति, दलित, मधेसी, मुस्लिम, अपाङ्ग तथा अल्पसंख्यक समुदायलाई प्राथमिकता दिइएको छ ।

छात्रवृत्तिमा पारदर्शीताको लागि पालिकाले अफैँ प्रश्नपत्र तयार पार्नेलगायतका कार्यहरु गर्ने जनाइएको छ । आर्थिक विकास समिति संयोजक गनेश पाठकले यी कार्यले पालिकाको शैक्षिक गुणस्तर वृद्धि हुनेमा नगरपालिका विश्वस्त रहेको बताए । उनले सामुदायिक विद्यालयहरुमा विद्यार्थी बढ्ने दाबी पनि गरे । कार्यपालिका सदस्य सुरेन्द्र श्रीले शैक्षिक गुणस्तर सुधार गर्नको लागि यो निष्कर्षमा पुगिएको बताए । सामाजिक विकास समिति संयोजक रवि सेञ्चुरीले यो पहलले विद्यार्थीलाई विश्वस्तरमा प्रतिस्पर्धा गर्न सक्षम बनाउने विश्वास व्यक्त गरेका छन् । उनका अनुसार गुणस्तरीय र समावेशी शिक्षा सुनिश्चित गर्न नगरपालिका प्रतिबद्ध छ ।

# प्रगतिनगर सामुदायिक विद्युत् सहकारीको तेस्रो अधिवेशनको तयारी पूरा

बुटवल । प्रगतिनगर सामुदायिक विद्युत् सहकारी संस्था लि.को नवौं वार्षिक साधारणसभा तथा तेस्रो अधिवेशनको तयारी पूरा भएको छ ।

शनिबार सुरु हुने साधारणसभा तथा अधिवेशनको तयारी पूरा भएको संस्थाले शुक्रबार पत्रकार सम्मेलन गरी जनाएको हो । अधिवेशनले ४ वर्षे कार्यकालका लागि नयाँ नेतृत्व चयन गर्ने संस्थाका अध्यक्ष जितबहादर मल्लले बताए ।

अधिवेशनले ११ जना पुरुष र २ जना महिला गरी १३ सदस्यीय कार्यसमिति चयन गर्ने छ । यसपटक दलीय आधारमा नभई संस्थालाई समय दिन सक्ने र नयां भिजन भएका व्यक्ति स्वतन्त्र ढंगले चुनावमा प्रतिस्पर्धा गर्ने मल्लले बताए ।

२०५२ सालमा वस्ती बसेको प्रगतिनगरमा राज्यबाट सुविधा उपलब्ध नहुँदा समुदायस्तरबाट विद्युत् र खानेपानी वितरणको काम भएको बताए । २०६० सालमा जिल्ला प्रशासन कार्यालय रुपन्देहीमा प्रगतिनगर विकास समुहको नाममा दर्ता भई सञ्चालनमा आएकोमा २०७३ माघ २३ मा डिभिजन सहकारी कार्यालय रुपन्देहीमा प्रगतिनगर सामुदायिक विद्युत् सहकारी संस्था लि. मा रुपान्तरण भई सञ्चालनमा आएको मल्लले जानकारी दिए ।

हाल संस्थामा १५९६ ग्राहक सदस्य रहेका जानकारी दिँदै मल्लले आफ्नो नेतृत्वमा निकै संघर्ष, मेहनत र दुःख गरेर प्रगतिनगरवासीलाई विद्युत् र खानेपानी सुविधा उपलब्ध गराएको बताए । संस्थाअन्तर्गत १४ वटा सय के.भि.एका ट्रान्सफर्मर रहेका र करिव ३कि. मी. एच टि लाइन तथा करिव १९ कि.मी. एल टि लाइन रहेको उनले बताए ।

अधिकांश विद्युत लाइन थ्रिफेजको रहेको र हालसम्म सिङ्गल फेजका १५ सय ८३ ग्राहक तथा थ्रिफेजका ८ ग्राहक रहेका बताए । सामुदायिक विद्युत् लाइनबाटे करिव ५०-५५ वटा कुटिर उद्योगहरु सञ्चालनमा रहेका छन् ।

संस्थाले नेपाल विद्युत् प्राधिकरणबाट वार्षिक करिव ३० लाख युनिट विद्युत् खरिद गरी उपभोक्तालाई बिक्री गर्दै आएको मल्लले जनाए । जसअन्तर्गत खरिद बिक्री युनिटमा करिव



७ प्रतिशत चुहावट अन्तर रहेको उनले बताए ।

संस्थामा हाल २ जना महिलासहित ६ जना कर्मचारी कार्यरत रहेका छन् ।

संस्थाको प्रगतिनगर क्षेत्रमा एउटा मिनी हल, तीन सय जना क्षमताको सभाहलसहित ८ कोठाको २ तले कार्यालय पक्की भवन र तिलोत्तमानगरमा महशुल संकलन काउन्टर तथा सभाहल गरी २ कोठे पक्की भवन रहेको अध्यक्ष मल्लले जनाए ।

संस्थाले वार्षिक कार्ययोजना बनाई संस्थाको आम्दानी तथा खर्च मासिकरुपमा आन्तरिक लेखासुपरिवेक्षण समितिले जाँच गरी कार्यसमितिले अनुमोदन गर्ने गरेको र नेपाल सरकारबाट मान्यता प्राप्त रजिष्टर्ड लेखापरिक्षक द्वारा अन्तिम लेखापरिक्षण गराउँदै आएको मल्लले बताए ।

संस्थाले सफ्टवयेर जडान गरी आय व्यायको विवरण सफ्टवयेर प्रणालीमार्फत् राख्ने गरेको, दशैर तिहारको उपलक्ष्यमा प्रत्येक वर्ष एक महिनाको बिद्युत डिमाण्ड महशुल शुल्क छुट गरेको, संस्थामा विस्तारित सबै विद्युत् पोलहरुमा प्रयोग हुने सामान सहित (बल्व, होल्डर, तार, छटरी) लगायतको व्यवस्था गरी सडक बत्तीको निःशुल्क व्यवस्थापन गरिएको अध्यक्ष मल्लले जानकारी दिए ।

विद्युत् मिटर जडान गर्दा विद्युत् आबेदन फारम र विद्युत् महशुल भुक्तानी रेकर्ड कार्ड निःशुल्क उपलब्ध गराउँदै आएको, बार्षिक लेखापरिक्षण भएपछि विनियममा व्यवस्था भएबमोजिम शेयर सदस्यहरुलाई ४० प्रतिशत शेयर लाभांश शेयरसदस्यको शेयर तथा लाभांश कोषमा राखिएको, शेयर सदस्य तथा निजका परिवारको निःशुल्क स्वास्थ्य शिविरमार्फत् चेकजाँच, संस्थाको कार्यक्षेत्रभित्र रहेको प्रगति माविलाई आर्थिक सहयोग प्रदान गर्दै आइरहेको, संस्थाको कार्यक्षेत्रभित्र तिनाउ नदीले बस्ती कटान गरी वर्षेनी क्षति पुऱ्याउने गरेकोले तटबन्ध गर्नको लागि आर्थिक सहयोग गरेको, संस्थाका शेयर सदस्यको मृत्यु भएमा एघार हजार आर्थिक सहयोग उपलब्ध गराउँदै आएको अध्यक्ष मल्लले बताए ।

संस्थाले अपीपावर कम्पनी र अरुण कावेली जलविद्युत् संस्थामा संस्थापक शेयर वापत १२ लाख ५६ हजार ६ सय रुपैयाँ लगानी गरेको, संस्थाका सबै कर्मचारीहरुको रु १ लाख बराबरको जीवन उन्नती बिमा गरिएको, सबै कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गरिएको, संस्थाले बिहान ७ बजेदेखि राति १० बजे सम्म उपभोक्तालाई फ्युज सेवा उपलब्ध गराएको, शेयर सदस्यहरुलाई अनलाइनबाटै विद्युत् महशुल भुक्तानी व्यवस्था गरिएको, उपभोक्ताको हितमासेवा वडापत्र राखेको र ४ कि.मी एच. टी. लाइन इन्सुलेटेड तार बिस्तार गरिएको अध्यक्ष मल्लले जानकारी दिए ।

# रोकिएन भारतबाट अवैध रूपमा कुखुरा ल्याउने क्रम

नेपालगञ्ज । अहिले बर्ड फ्लुको जोखिम छ । तर, बाँकेको जमुनाह नाकाबाट अवैध रूपमा भारतीय कुखुरा ल्याउने क्रम रोकिएको छैन । जिल्ला प्रहरी कार्यालयले आज नेपालगञ्ज उपमहानगरपालिका-१६ बाट १०८ किलोग्रामका ३६ थान तयारी अवस्थामा रहेका कुखुरा बरामद गरेको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक रमेश विष्टले साइकलमा ल्याउँदै गरेको अवस्थामा ३६ थान अवैध कुखुरा बरामद गरिएको जनाउँदै कुखुरा ल्याउने व्यक्तिहरू प्रहरी देख्ने बित्तिकै भाग्ने गरेका बताए । साइकल वा मोटरसाइकलमा अवैध रूपमा कुखुरा ल्याउने गरिएको बताउँदै उनले प्रहरी देख्ने बित्तिकै ती व्यक्ति भाग्ने गरेकाले पक्राउ गर्न नसकिएको उल्लेख गरे ।

पशु क्वारेन्टाइन कार्यालय, नेपालगञ्जका प्रमुख डा. हरेराम यादवले बर्ड फ्लुको जोखिम हुँदाहुँदै पनि अवैध रूपमा भारतीय कुखुरा नेपालगञ्ज भित्र्याउने कार्य बन्द हुन नसकेकोमा चिन्ता व्यक्त गरे । "हामीले दैनिकजसो समातिरहेका छौँ । तर कसरी भित्रिरहेको छ, आश्चर्य लाग्छ ।"-उनले भने ।

खुला सीमानाका र व्यापारीमा सचेतनाको कमीका कारण अवैध कुखुरा नेपालगञ्ज ल्याइएको उल्लेख गर्दै डा. यादवले अहिलेसम्म ३५ हजार तयारी कुखुरा नष्ट गरिएको जानकारी दिए । चालु आर्थिक वर्षमा ६० हजार भारतीय अवैध चल्ला र ४०० किलो कुखुराको तयारी मासु र अण्डा नष्ट गरिएको उनले उल्लेख गरे ।

प्रहरीको सहयोगमा पक्राउ गरिएका सबै अवैध कुखुरा, चल्ला, अण्डा र मासु नष्ट गरिएका पशु क्वारेन्टाइन नेपालगञ्जले जनाएको छ । तराईका केही जिल्लामा बर्ड फ्लुको जोखिम बढ्दै गए पनि हालसम्म यस क्षेत्रमा सङ्क्रमण नदेखिएको पशु क्वारेन्टाइन कार्यालयका प्रमुख डा. यादवले जानकारी दिए ।

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रूपन्देही



स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
पुराना गहनाहरू संग नयाँ गहना साट्नुका साथै खरिद विक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरु नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

जिल्ला आर्थिक गणना कार्यालय, नवलपरासी पश्चिमको अनुरोध
यही मिति २०८३ साल वैशाख २ गतेदेखि असार ७ गतेसम्म **सञ्चालन हुने राष्ट्रिय आर्थिक गणना, २०८२ का लागि सुपरिवेक्षक तथा गणक जिल्लाका सबै** साना तथा ठूला उद्योग, कलकारखाना, व्यापारिक प्रतिष्ठान, होटल तथा रेष्टुरेन्ट, निर्माण कम्पनी, बैंक, वित्तीय संस्था, सहकारी, यातायात सेवा प्रदायक, सामाजिक संघ-संस्था, क्लब, राजनीतिक दल, उपभोक्ता समिति, शैक्षिक एवं स्वास्थ्य संस्था र दर्ता भएका कृषि व्यवसाय लगायतका सबै प्रतिष्ठानहरुमा खटिएर स्थलगत तथ्याङ्क सङ्कलन कार्य हुँदैछ ।
**'अर्थतन्त्र मापनका लागि आर्थिक गणना'** भन्ने मूल नारालाई आत्मसात् गर्दै, आ-आफ्ना प्रतिष्ठान/व्यवसायका क्रियाकलाप सम्बन्धी सत्य-तथ्य र पूर्ण विवरण उपलब्ध गराई यो राष्ट्रिय अभियान सफल पार्न हार्दिक अनुरोध गर्दछौं । संकलित सबै विवरणहरु तथ्याङ्क ऐन, २०७९ बमोजिम पूर्ण रूपमा गोप्य राखिने व्यहोरा समेत जानकारी गराइन्छ ।
कोही नछुटौ राष्ट्रिय आर्थिक गणना, २०८२ सफल पारौं ।
टोल फ्री नं. : ११७८
नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राष्ट्रिय तथ्याङ्क कार्यालय
राष्ट्रिय आर्थिक गणना, २०८२
जिल्ला आर्थिक गणना कार्यालय
नवलपरासी, पश्चिम

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com